आज मिति २०८० साल **भाद्र २१** गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं २ — हार्दिक श्रद्धाञ्जली पारित सम्बन्धमा।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०८०/०५/०४ गते यस गाउँपालिकाको सवारी साधन बा ०१ ००२ झ ६०५६ को बोलेरो गाडी सरकारी कामकाज देउरालीबाट काठमाडौं सम्म जाने क्रममा विदुर नगरपालिकाको शुभघाट नजिक दुर्घटना हुँदा सो सवारी साधनमा लिष्ट मागी सवार भएको जिल्ला चितवन निवासी श्री होम बहादुर बस्नेतको निधान भएको प्रति यस कार्यपालिका तर्फबाट शोक सहितको हार्दिक श्रद्धाञ्जली पारित गर्दछौं। साथै शोकसन्तत परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै सो घटनाबाट घाईते भएका सवारी चालक जसविर तामाङको समेत शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

**प्रस्ताव नं ३ — गत आ.व. २०७९/८० को चालु खर्च दायित्व सम्बन्धमा।**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा गत आ.व. २०७९/८० को तपशिलका चालु खर्चहरुमा संघीय सरकारबाट प्राप्त हुनु पर्ने अनुदान तथा राजश्व प्राप्त नभएको कारण भुक्तानी बाँकी रहेका दायित्वहरु भुक्तानी गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ४ — स्वास्थ्य संस्था संचालन सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरु सरकारी समय तालिका बमोजिम नै सेवा प्रवाहरुहरु गर्ने भनी निर्णय गरियो। उक्त कार्यालय समयमा पूर्ण समय विरामी चेकजाँच गर्ने र प्रशासनीक कार्य सोही समय विरामी चेकजाँचलाई असर नपर्ने गरी गर्ने व्यवस्था मिलाउन निर्देशन दिने भनी निर्णय गरियो।

**प्रस्ताव नं ५ — ई- हाजिरी सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस पालिका अन्तर्गतका कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालय सेवा प्रवाहलाई पूर्णकालिन बनाउने सबै कार्यालय, संस्थाहरुमा ई-हाजिरीको व्यवस्था गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ६ — स्थानीय न्यायिक सहजकर्ता सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिका स्थानीय न्यायिक सहजकर्ता सविना तामाङ को करार सम्झौता सम्बन्धमा भाद्र ५ गतेको पत्रबाट मात्र म्याद थप नगर्ने जानकारी प्राप्त भएको हुँदा निजले

२०८० साल श्रावण महिना भर नियमित कार्यालयमा सेवा प्रधान गरेको हुँदा निजलाई प्रदेशको सम्बन्धित सर्शत बजेटबाट १ महिनाको तलब उपलब्ध गराउने भनी निर्णय गरियो।

प्रस्ताव नं ७ — विज्ञापन गर्ने सम्बन्धमा।

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल यस गाउँपालिकालाई आवश्यक परेका तपशिलका पदहरुमा तपशिल बमोजिमका सङ्ख्यामा विज्ञापन गर्ने भनी निर्णय गरियो।

तपशिलः

| क.सं. | पदको नाम | पद सङ्ख्या | कार्यक्षेत्र | प्रास्तवित तलब स्केल (रु.) |
|---|---|---|---|---|
| १. | ल्याब असिष्टेन्ट | १ | बुङताङ स्वास्थ्य चौकी | २६,६१० |
| २. | अ.न.मी | १ | किम्ताङ बार्थिक सेन्टर | २८,६०० |
| ३. | हलुका सवारी चालक | १ | गाउँपालिका कार्यालय | २७,६१२ |
| ४. | कार्यालय सहयोगी | २ | गाउँपालिका कार्यालय | २४,७०२ |
| ५. | गाउँ/नगर प्रहरी | ४ | गाउँपालिका कार्यालय | २८,००० (तलब + रसन भत्ता) |
| ६. | सितोरिया कराते प्रशिक्षक | १ | गाउँपालिका कार्यालय | पछि कार्यविधि अनुसार दिईनेछ। |

प्रस्ताव नं ८ — गाडी भाडा सम्बन्धमा।

निर्णय नं. ८ - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउँपालिकाका अध्यक्षज्यूको लागि आवश्यक पर्ने गाडी छनौट र सम्झौता गर्न मासिक रु. १,८०,०००/- ले नबढ्ने गरी श्रीमान् गाउँपालिका अध्यक्षज्यूले नै छनौट र सम्झौता गर्ने अधिकार प्रत्योजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं ९ — खर्च भुक्तानी सम्बन्धमा।

निर्णय नं. ९ - प्रस्ताव नं. ९ उपर छलफल गर्दा अतिथि सत्कार तथा मिति २०८०/०५/०४ को सवारी दुर्घटनाको पारिस्थितिबाट उत्पन्न समस्याका समाधानको लागि भए गरेका तपशिलका खर्चहरुको भुक्तानी दिने निर्णय गरियो।

- होटेल वाटर टावर, विदुर — रु. ३१,७८०/-

प्रस्ताव नं १० — तिजको अन्तरक्रिया कार्यक्रम सम्बन्धमा।

निर्णय नं. १०- प्रस्ताव नं. १० उपर छलफल गर्दा नुवाकोट जिल्ला सुर्यगाढी गाउँपालिकाका उपाध्यक्षज्यूको संयोजकत्वमा नुवाकोटका सबै स्थानीय तहका उपाध्यक्षज्यूहरुको सहभागितामा मिति २०८०/०५/२५ गते हुन गईरहेको तिज अन्तरक्रिया कार्यक्रमको लागि चालु आ.व. २०८०/८१ को चालु बजेट तर्फ विविध कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी रु. १,००,०००/- गा.पा. उपाध्यक्ष श्री सीता तामाङ ज्यूलाई उपलब्ध गराउने भनी निर्णय गरियो।

प्रस्ताव नं १० — सर्वसम्मतले पारित सम्बन्धमा।

निर्णय नं. १०- प्रस्ताव नं. १० उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।